श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना १

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाहिर मुद्रा निकासी गर्ने सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम सूचना प्रकाशित गरेको छ ।

(क) नेपाली र भारतीय नागरिकहरूले नेपाल अधिराज्यबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीको नेपाली सिक्काहरू बाहेक अन्य नेपाली र भारतीय सिक्का, करेन्सी, नोट र बैंक नोट असिमित मात्रामा लैजान वा पठाउन सक्नेछन् ।

(ख) विदेशी विनिमय सटही कारोबार गर्ने इजाजत प्राप्त व्यक्तिबाट स्वीकृत तरिकाबाट प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाइनेछ । तर नेपाली तथा भारतीय मुद्रा भारत बाहेक अन्य मुलुकमा लैजान वा पठाउन पाइनेछैन ।

(ग) विदेशी नागरिकहरूले नेपाल अधिराज्यमा आफू आउँदा ल्याएको विदेशी मुद्राको रकममा नबढाई कम विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाउनेछन् तर त्यस्ता व्यक्तिहरूले नेपाल अधिराज्यमा प्रवेश गर्दा डिसइम्बारकेशन कार्ड (Disembarkation Card) मा वा प्रज्ञापनपत्रमा आफूसँग ल्याएको विदेशी मुद्राको रकम अध्यागमन अधिकृत छेउ वा भन्सार अधिकारी छेउ घोषणा गरेको हुनुपर्छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

१५२



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।